नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली जाजरकोट

कर्णाली प्रदेश नेपाल

इमेल :- ito.nalgaadmun@gmail.com

पत्र संख्या :- ०८०/०८१
चलानी न.:-

मिति :- २०८०।०५।१८

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति :- २०८०।०५।१८ गते**

यस नलगाड नगरपालिकामा, ह्याडिक्याप इन्टरनेशनल फेडेरेशन नेपाल र पाँचतारा यूवा संरक्षक मञ्च जाजरकोट बिच भएको त्रिपक्षीय सम्झौता अनुसार यस नगरपालिकामा प्राथमिक अपस्ताल दल्लीमा सञ्चालन गरिने फिजियोथेरापी युनिटका लागि निम्न कर्मचारी आवश्यक भएको हुदाँ योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

दरखास्त फाराम यस नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ र म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. माग गरिएका पद :-

| क्र. सं. | तह | पद | आवश्यक संख्या | उमेर | आवश्यक न्यूनतम योग्यता तथ ।अनुभव |
|---|---|---|---|---|---|
| १ | ७ (सातौ) | फिजियो थेरापिष्ट | १ (एक) | २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा कम्तीमा स्नातक तह (BPT) /Diploma in Physiotherapy उत्तीर्ण गरी सम्बन्धित परिषद् (council) मा दर्ता भएको |

**कार्यक्षेत्र** :- प्राथमिक अस्पताल दल्ली जाजरकोट ।

**करार सेवाअवधि :-** कम्तीमा १ वर्ष (आवस्यकता अनुसार प्रत्येक वर्ष सेवा अवधि थप गर्न सकिनेछ)

**आवेदन दिने स्थान :-** नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट । अनलाइनबाट ito.nalgaadmun@gmail.com मा पठाउन सकिनेछ ।

**आवेदन दिने अन्तिम मिति:-** २०८०/०६/०१ गते कार्यालय समयभित्र (सो दिन सार्वजनिक बिदा परे त्यसको भोलिपल्ट )

**आवेदन दस्तुर** :- रु.१०००। (फिर्ता नहुने), आवेदन दस्तुर यस नलगाड नगरपालिकाको आन्तरीक राजश्व खाता नं. २३५२०५००२९१८२००२, एन.आई. सि. एशिया बैंकमा जम्मा गरेको भौचर आवेदन साथ पेश गर्नुपर्नेछ ।

**छनौटप्रक्रिया**:-नलगाड नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५, बमोजिम हुनेछ । उक्त कार्यविधि वेभसाइटमा उपलब्ध छ ।

**पेश गर्नुपर्ने आवस्यक कागजातहरु** :-अद्यावधिक गरिएको व्यक्तिगत विवरण (Updated CV), आवेदन फारम (www.nalgaadmun.gov.np मा उपलब्ध छ) को साथ शैक्षिक योग्यता, तालीम, नागरिकता, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाण-पत्र तथा अनुभवका प्रमाण-पत्रहरुको प्रतिलिपिहरु । आवेदन फारम वेभसाइटमा उपलब्ध छ । हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति र सक्कल प्रमाण-पत्रहरु अन्तरवार्ताको समयमा पेश गर्नुपर्ने ।

**तलब भत्ता :-** नेपाल सरकारको नियमानुसार ।

**छनोट प्रक्रिया :-** लिखित तथा अन्तरवार्ता ।

**पुनश्च :-** अनलाइन आवेदन पेश गर्दा उल्लेखित कागजात तथा प्रमाण-पत्रहरु स्पष्ट देखिने गरी Scan गरी आवेदन साथ पठाउनु पर्नेछ ।

मानबहादुर गिरी
(प्रमुख प्रशासकीय अधिकृत)

**नोट :-** यस अघि प्रकाशित सूचनामा भुलबस दरखास्त दिने अन्तिम मिति २०८०।०५।१८ गते उल्लेख हुन आएकोले उक्त मिति सच्चाईएको व्यहोरा अनुरोध छ ।